नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या: ०८२/८३
चलानी नं.: १५६८

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
बबरमहल,काठमाडौं

मितिः२०८२।१२।१६

श्री सेवा प्रदायक स्वास्थ्य संस्थाहरू, सबै।

विषयः स्वास्थ्य बीमा सेवा प्रवाह सम्बन्धमा ।

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत सेवा प्रवाहका क्रममा केही सेवा प्रदायक स्वास्थ्य संस्थाहरूबाट बीमित सेवाग्राहीहरूलाई स्वास्थ्य बीमा सेवा प्राप्त गर्न अग्रिम समय लिनुपर्ने, बीमितहरूप्रति भेदभावपूर्ण व्यवहार गरिएको तथा आवश्यक सेवा सुविधा एवं औषधि उपलब्ध नगराइएको भन्ने सम्बन्धमा बोर्डको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त कार्यहरू स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य बीमा नियमावली, २०७५ तथा प्रचलित कानुन विपरीत रहेका छन्।

यस प्रकारका गतिविधिहरू नगर्न/नगराउन तथा प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधिको पूर्ण रूपमा पालना गर्न/गराउनु हुन निर्देशन गरिन्छ। साथै, अनुगमनका क्रममा कुनै सेवा प्रदायक स्वास्थ्य संस्थाबाट नियम विपरीत कार्य भएको प्रमाणित भएमा स्वास्थ्य बीमा ऐन, २०७४ को दफा (१२) को उपदफा (१) खण्ड (ख) बमोजिम भैजाने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८२/१२/१६

डा. कृष्ण प्रसाद पौडेल
कार्यकारी निर्देशक

<u>बोधार्थ</u>
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाडौं।